# स्थानीय राजपत्र

**भुम्लु गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ८ संङ्ख्याः ४ मिति २०८१ श्रावण ३१ गते**

भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्ले, काभ्रेपलाञ्चोकको

सूचना

भुम्लु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

"***प्रयोगमा नरहेको सामुदायिक विद्यालयको भवन संरक्षण तथा लिजमा दिने सम्बन्धी कार्यविधि*** "



**प्रमाणीकरण मितिः २०८१।०५।०५**
**राजपत्रमा प्रकाशन मितिः २०८१।०५।१०**
**संवत् २०८१ सालको कार्यविधि नं. २**

**प्रस्तावनाः**नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । गुणस्तरीय शिक्षाको लागि विद्यालयलाई आत्मनिर्भर बनाउन उपलब्ध स्रोतको परिचालन तथा व्यवस्थापन गर्न विद्यालयको सम्पत्तिको संरक्षण र सदुपयोग गर्न आवश्यक छ । सार्वजनिक सम्पत्तिको क्षयीकरण भइरहेको र विद्यार्थी सङ्ख्या घट्न गई समायोजन तथा खारेज भएका विद्यालयको सम्पत्ति व्यवस्थापनलाई नियमित तथा व्यवस्थित बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज को उपदफा (५) र (९) को अधिकार प्रयोग गरी भुम्लु गाउँ कार्यपालिकाको बैठकबाट यो सार्वजनिक विद्यालयको सम्पत्ति व्यवस्थापन र संरक्षण सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ यो कार्यविधिको नामः** "***प्रयोगमा नरहेको सामुदायिक विद्यालयको भवन संरक्षण तथा लिजमा दिने सम्बन्धी कार्यविधि-२०८१***" रहेको छ । यो कार्यविधि भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ । शिक्षा ऐन भन्नाले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ संशोधन सहितलाई बुझाउँछ। गाउँ शिक्षा ऐन भन्नाले भुम्लु गाउँपालिका शिक्षा ऐन, २०७५ लाई र गाउँ शिक्षा नियमावली भन्नाले भुम्लु गाउँपालिका शिक्षा नियमावली २०७५ लाई बुझाउनेछ।

ख) "गाउँपालिका" भन्नाले भुम्लु गाउँपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले भुम्लु गाउँपालिकाको गाउँ सभालाई जनाउँछ ।

घ) "कार्यपालिका" भन्नाले भुम्लु गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ ।

ङ) "विद्यालय एकीकृत सम्पत्ति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) बमोजिम भुम्लु गाउँपालिकाको क्षेत्रभित्र कुनै विद्यालयको स्वामित्वमा रहेको वा भोगचलन गर्दै आएको सम्पूर्ण भवन र जग्गाको एकीकृत रूपमा हिसाव गरी तयार बनाइएको सम्पत्तिलाई जनाउँछ ।

च) "समायोजित विद्यालय" भन्नाले नेपाल सरकारको विद्यालय समायोजन कार्यविधि २०७६ अनुसार समायोजित भइ कायम भएको नयाँ विद्यालयलाई बुझाउँछ ।





छ) "संरचना" भन्नाले विद्यालय भवन, विद्यालय भवन भित्र रहेका भौतिक अभौतिक सम्पत्ति पर्खाल स्थायी निर्माण भएका संरचनालाई जनाउँछ ।

ज) "सामुदायिक संस्था" भन्नाले गाउँपालिका क्षेत्रभित्र गठन भई भुम्लु गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ ।

झ) "व्यापारिक प्रयोजन" भन्नाले विद्यालयको भोगाधिकार प्राप्त भएको वा भोगचलन गर्दै आएको, कुनै व्यक्ति, समुदाय वा संस्थाले चन्दा स्वरूप उपलब्ध गराएको, वन वा सामुदायिक वन समितिले वातावरणीय असर नपर्ने गरी विद्यालयलाई प्राप्त भएका जग्गालाई विद्यालयको आय आर्जनका लागि प्रयोग गर्नुलाई बुझाउँछ ।

ञ) "प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको प्रमुखलाई जनाउँछ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ठ) "गाउँ शिक्षा अधिकारी" भन्नाले गाउँपालिका शिक्षा शाखा प्रमुख वा शिक्षा शाखा हेर्ने जिम्मेवारी तोकिएको व्यक्तिलाई बुझाउँछ ।

ड) "विद्यालय सम्पत्ति मूल्याङ्कन समिति" भन्नाले एकीकृत सम्पत्ति अभिलेखिकरण तथा व्यापारिक प्रयोजनका लागि जग्गा तथा संरचनाको भाडा दर र त्यस्ता संरचनाहरू

उपयोग गर्ने सर्तहरू निर्धारण गर्न गाउँपालिकाद्वारा गठित समितिलाई जनाउँछ ।

ढ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले गाउँ शिक्षा ऐन अनुसार गठन भएको समितिलाई बुझाउँछ ।

ण) "गाउँ शिक्षा समिति" भन्नाले गाउँ शिक्षा ऐन अनुसार गठन भएको समितिलाई बुझाउँछ ।

त) "निजी क्षेत्र" भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ ।

## परिच्छेद -२

## विद्यालय सम्पत्ति प्रयोग तथा लिज

**३. <u>विद्यालयको सम्पत्तिको प्रयोगः</u>** (१) विद्यालयको सम्पत्ति विद्यालयको शैक्षिक गतिविधि, विद्यालयको भौतिक निर्माण, व्यावसायिक धारका विद्यालयमा प्रयोगात्मक अभ्यास बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि विद्यालयको दैनिक प्रयोगमा नआइ खेर गएको, अतिक्रमणको चपेटामा पर्ने सम्भावना भएको वा परेको अचल सम्पत्ति विद्यालयको शैक्षिक गतिविधिमा असर नगर्ने भएमा विद्यालय सम्पत्ति संरक्षण समितिको





सिफारिसमा प्रचलित बजार भाउमा नघट्ने गरी हरेक बर्ष सम्झौता नविकरण गर्ने गरी अधिकतम ५ (पाँच) वर्षको लागि भाडा (लिज) मा दिन सकिनेछ । सो भन्दा बढी अवधिका लागि भाडामा दिनु परेमा गाउँकार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

३) विद्यालयको जग्गा लिजमा दिँदा सार्वजनिक हित, राष्ट्रिय आयमा वृद्धि हुने, रोजगारी सृजना गर्ने, सामाजिक मूल्यमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी दिनुपर्नेछ। विद्यालयको सम्पत्ति भाडामा लगाउदा सामाजिक सद्भाव खलबलिने कार्यमा प्रयोग गर्न पाइनेछैन् ।

४) विद्यालयको जग्गा तथा भवनहरू तथा अन्य सामग्रीहरू कुनै राजनीतिक तथा धार्मिक गतिविधिमा प्रयोग गर्न दिन पाइने छैन तर सामुदायिक सद्भाव, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने गरी विद्यालय भवन, कम्पाउण्ड प्रयोग गर्न दिन परेमा विद्यालयको सिफारिसमा शिक्षा शाखाको अनुमति लिई प्रयोग गर्न सकिने छ ।

५) विद्यालयको सम्पत्ति कुनै सरकारी निकाय वा गाउँपालिकालाई प्रचलित बजार मूल्यमा नघट्ने गरी निश्चित समयका लागि लिजमा दिन सकिनेछ । कुनैपनि किसिमले विद्यालयको स्थापना कालदेखि प्रयोग वा भोगचलन र संरक्षण गर्दै आएको चल अचल सम्पत्ति स्थायी रूपमा हकभोग हस्तान्तरण गर्न पाइने छन् ।

६) विद्यालयको अचल सम्पत्ति विद्यालयले आफ्नै पहलमा विद्यार्थीको समेत सीप बढाउने, कृषि तथा अन्य उद्यमशीलता बढाउने कार्यमा प्रयोग गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

७) विद्यालयको अचल सम्पत्ति व्यापारिक प्रयोजनमा प्रयोग गर्न सकिने र विद्यालयको नियमित आयस्रोत हुने, बालअधिकार, शिक्षा सम्बन्धी मौलिक अधिकार, वातावरण तथा स्वास्थ्य सम्वन्धि अधिकारमा कुनै व्यवधान नहुने गरी यसै कार्यविधि बमोजिमको प्रकृया पु¥याइ स्थायी तथा अस्थायी संरचना निर्माण गरी लिजमा दिन सकिनेछ ।

८) विद्यालयका जग्गा जमिन, खेल मैदान, भवन, सेमिनार हल तथा कक्षा कोठाहरूमा विद्यालयको स्वीकृति बिना कुनैपनि गैर शैक्षिक क्रियाकलाप गर्न नदिने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-३
## विद्यालयको सम्पत्ति लिजमा दिने प्रक्रिया

४. **विद्यालयको सम्पत्ति लिजमा दिदा निम्न प्रक्रिया पुरा गर्नुपर्नेछः**

१) कम्तीमा १५ दिनको बढाबढको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गर्ने ।

२) सिलबन्दी दरभाउपत्रको सूचना एक प्रति गाउँपालिका वेबसाइटमा अनिवार्य टाँस गर्नुपर्नेछ ।

३) सूचना स्थानीय पत्रपत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।





४) लिजमा दिदा विद्यालय र व्यक्ति वा संस्थाका बिचमा दोहोरो संझौत गर्नुपर्नेछ । सबैभन्दा बढी कबोल गर्ने, विद्यालयको हित, शैक्षिक गुणस्तर वृद्धि, समावेशीता, महिला तथा पिछडिएको समुदायलाई प्रत्यक्ष वा परोक्ष लाभ हुने अवस्थालाई प्राथमिकता तोकी मूल्यांकन गर्नुपर्नेछ ।

५) स्थायी संरचना बनाउने गरी जग्गा भाडा लिजमा दिँदा भाडा/लिज सम्झौता अवधि सकिएको बढीमा तीन महिना भित्र नहटाएमा निर्मित संरचना विद्यालयको हुने गरी बढीमा ५ वर्षका लागि मात्र लिजमा दिन सकिनेछ। भाडा/लिज सम्झौता नविकरण नभएमा लिजमा लिने व्यक्ति वा संस्थाको ती संरचनामा कुनै हक लाग्नेछैन् ।

६) लिज वा भाडामा दिएका सम्पत्तिको हरेक २ वर्षमा १० प्रतिशत मूल्य वृद्धि हुने गरी सम्झौता गर्नुपर्ने छ । ५ वर्ष पछि पुनः एक पटकका लागि आपसी सहमतिमा पाँच वर्षका लागि साविक मूल्यमा १० प्रतिशत वृद्धि गरी म्याद थप गर्न सकिने छ ।

५. **सामुदायिक विद्यालयको सम्पत्ति प्रयोगमा बन्देजः-**

१) सामुदायिक विद्यालयको भवन, चलअचल सम्पत्ति निजी विद्यालय र निजी तथा सामुदायिक क्याम्पसको नियमित प्रयोगका लागि भाडा वा लिजमा दिन पाइनेछैन् ।

२) व्यावसायिक तथा व्यापारिक प्रयोजनमा दिइएका जग्गा जमिन तथा अन्य संरचनाहरूमा मदिराजन्य, सूर्तिजन्य तथा बालबालिकाको शारीरिक तथा मानसिक विकासमा असर पर्ने कुनै पनि वस्तुको बिक्रीवितरण गर्ने, वातावरण तथा ध्वनि प्रदूषण गर्ने व्यावसायिक कार्यमा प्रयोग गर्नु गराउनु हुन् ।

३) विद्यालयहरूबाट यस कार्यविधि बमोजिम प्रक्रिया पुरा नगरी लिज वा भाडामा दिएका, ऐन नियम बिपरित भएका वा विद्यालयको अनुमति बेगर अतिक्रमित चलअचल सम्पतिहरूको उपयोग र संरक्षण सम्बन्धमा भुम्लु गाउँ शिक्षा समितिले आवश्यक निर्णय गर्नेछ र सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

४) नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा जमीनमा रहेका सबै विद्यालय, क्याम्पस वा शैक्षिक संस्थाहरूले यसै कार्यविधिका आधारमा चल अचल सम्पत्ति खरिद गर्न, संरचना निर्माण गर्न र भाडा/लिजमा लिन/दिन वाञ्छनीय हुनेछ ।

६. **<u>विद्यालयले जुनसुकै बखत प्रयोग गर्न सक्नेः-</u>**

१) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि विद्यालयले आफ्ना शैक्षिक गतिविधि सञ्चालन गर्न वा विद्यालय आफैले प्रयोग गर्न बाञ्छनीय रहेको अवस्थामा लिजमा दिएका सम्पति बाहेकका सम्पति गाउँपालिका





सँग अनुमति लिएर कम्तीमा दुई महिनाको पूर्व सूचना दिई त्यस्ता चलअचल सम्पत्ति तथा संरचना आफैले प्रयोग गर्न सक्ने छ ।

७. यस कार्यविधिमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि हाल विद्यालयहरूले भाडा/लिजमा दिएको जग्गा जमीन तथा अन्य संरचनाहरू यसै कार्यविधि अनुसार भएको मानी यो कार्यविधि कार्यान्वयनमा आएको ३ (तीन) महिना भित्र विद्यालयहरूले ती भाडा/लिज सम्झौताहरू बाँकी अवधिका लागि नविकरण गरी भुम्लु गाउँपालिकामा लिखित जानकारी गराउनु पर्नेछ ।

८. **<u>अन्तिम व्याख्या गर्न सक्नेः</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले सो को अन्तिम व्याख्या गर्न सक्नेछ ।

९. **<u>कार्यविधिमा संशोधन तथा परिमार्जन</u>** (१) यस कार्यविधिमा आवश्यकता अनुसार गाउँपालिकालेले समय समयमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

आज्ञाले
सुदर्शन भट्टराई
प्रमुख प्रकाशकीय अधिकृत